# अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यविधि, २०७७

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाण्डौ

# अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यविधि,२०७७

आम नागरिकका लागि सरकारी, निजी, सामुदायिक, गैरसरकारी तथा सहकारीस्तरमा संचालित स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान हुने प्रबर्द्धनात्मक, प्रतिरोधात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (प्यालेटिभ) जस्ता स्वास्थ्य सेवाहरूको व्यवस्थापन सुदृढीकरण मार्फत सेवाहरुको गुणस्तर सुनिश्चितताका लागि निर्धारित न्यूनतम सेवा मापदण्ड सम्बन्धमा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २५को उपदफा (२) र दफा २७ को व्यवस्था कार्यान्वयन गर्न वाञ्छनिय भएकोले सोही ऐनको दफा ६४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देहायको कार्यविधि जारी गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि,–

(क) "कार्य योजना" भन्नाले न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि प्रतिबद्धताका साथ बनाइएका क्रमबद्ध क्रियाकलापको तालिकालाई सम्झनु पर्छ।

(ख) “न्यूनतम सेवा मापदण्ड” भन्नाले स्वास्थ्य संस्था तथा अस्पतालले गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि नेपाल सरकारबाट स्वीकृत न्यूनतम सेवा मापदण्डलाई सम्झनु पर्छ ।

(ग) “मन्त्रालय” भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(घ) "सहजकर्ता" भन्नाले न्यूनतम सेवा मापदण्ड कार्यान्वयन सम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मी वा विषय विज्ञलाई सम्झनु पर्छ ।

(ङ) "स्वमूल्यांकन" भन्नाले अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको अवस्थाबारे सम्बन्धित स्वास्थ्य संस्था तथा अस्पताल तहमै स्वयं गरिने मूल्यांकनलाई सम्झनु पर्छ ।

(च) "स्वास्थ्य संस्था तथा अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून र मापदण्ड बमोजिम स्थापित सरकारी आधारभूत स्वास्थ्य सेवा केन्द्र, आधारभूत अस्पताल, जनरल अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टिकृत अस्पताल, शिक्षण अस्पताल, स्वास्थ्य विज्ञान प्रतिष्ठान र निजी, गैर सरकारी एवं सहकारीस्तरमा खुलेका त्यस्तै प्रकृतिका संस्थाहरुलाई समेत जनाउँछ ।

(छ) "व्यवस्थापन" भन्नाले न्यूनतम सेवा मापदण्ड कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने स्रोत, साधन, जनशक्तिको व्यवस्थापनका साथै सेवा प्रति ग्राहकको सन्तुष्टी मापन तथा सेवा उपलब्ध गराउने क्रममा सम्पादन गरिएका कामको अनुगमन, मूल्यांकन र सोको अभिलेख तथा प्रतिवेदन तयार गर्ने कार्यलाई समेत जनाउँछ ।

३. <u>उद्देश्य</u>ः आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि स्वास्थ्य संस्था तथा अस्पतालहरुमा न्यूनतम सेवा मापदण्डको कार्यान्वयन सुनिश्चित गराउनु यस मापदण्डको मुख्य उद्देश्य रहेको छ ।

४. <u>रणनीति</u>ः यस कार्यविधिको उदेश्य प्राप्तिको लागि देहाय बमोजिमका रणनीतिहरु रहेका छन्,–

(क) स्वास्थ्य संस्था तथा अस्पताल सम्बन्धी सुशासन, चिकित्सकीय सेवा तथा सहयोगात्मक सेवाको व्यवस्थापनका लागि न्यूनतम सेवा मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

(ख) सेवाको व्यवस्थापनका लागि सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान गरी सोको समयमै समाधान गर्न आवश्यक पद्दतिको विकास गर्ने ।

(ग) पहिचान भएका समस्या समाधानको लागि वित्तिय व्यवस्था लगायत स्रोत सुनिश्चितताको लागि सहजीकरण गर्ने ।

(घ) गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक न्यूनतम मापदण्ड कार्यान्वयनको नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

५. <u>कार्यनीति</u> : दफा ४ बमोजिमको रणनीति कार्यान्वयन गर्न देहाय वमोजिमका कार्यनीतिहरू अवलम्वन गरिनेछ ।

(क) स्वास्थ्य संस्थाहरूको तहगत संरचना अनुरूप सेवाहरूको मापदण्ड सम्वन्धी नयाँ सूचकहरू तयार गर्ने तथा विद्यमान सूचकहरूलाइ समय सापेक्ष परिमार्जन एवं अद्यावधिक गरिनेछ।

(ख) न्यूनतम सेवा मापदण्डको कार्यान्वयन गर्नका लागि संङ्घ, प्रदेश, स्थानीय तह, अस्पताल एवं स्वास्थ्य संस्थास्तरमा आवश्यक संयन्त्रहरूको व्यवस्था गरिनेछ ।

(ग) मूल्याङ्कनकर्ता तथा सहजकर्ताहरूको क्षमता विकास सम्वन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।

(घ) न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको ढाँचा, प्रक्रिया र अभिलेखलाइ व्यवस्थित गरिनेछ ।

(ङ) न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि आवश्यक पर्ने श्रोतको सुनिश्चितता गरिनेछ ।

(च) न्यूनतम सेवा मापदण्ड कार्यान्वयन भए नभएको नियमित समिक्षा, अनुगमन, मूल्यांकन एवं पृष्ठपोषण गरिनेछ ।

## परिच्छेद–२

## सम्पर्क तथा समन्वय सम्बन्धी व्यवस्था

६. केन्द्रिय सम्पर्क तथा समन्वयः (१) गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताताको लागि स्वास्थ्य संस्था तथा अस्पतालहरूको सुदृढीकरण, समन्वय, अनुगमन तथा मूल्यांकन लगायत न्यूनतम सेवा मापदण्डको कार्यान्वयन तथा व्यवस्थापनका लागि केन्द्रमा मन्त्रालयको गुणस्तर मापन तथा नियमन माहाशाखाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ।

(२) मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखामा MSS Implementation Unit रहने छ । सो Unit ले सबै स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड सम्बन्धी अनुगमन, तथ्याङ्कहरुको विश्लेषण तथा अभिलेखिकरण गर्ने छ ।

(३) न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको लागि आवश्यक श्रोत ब्यक्तिको पहिचान र परिचालन गर्ने छ।

(४) मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा संगको समन्वयमा स्वास्थ्य सेवा विभागको उपचारात्मक सेवा महाशाखाले न्यूनतम सेवा मापदण्डको कार्यान्वयन तथा व्यवस्थापनको कार्य गर्नेछ ।

७. <u>प्रादेशिक सम्पर्क तथा समन्वयः</u> (१) न्यूनतम सेवा मापदण्डको कार्यान्वयन तथा व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालयसंगको समन्वयमा कार्य गर्ने गरि प्रदेश तहमा प्रादेशिक स्वास्थ्य निर्देशनालयले सम्पर्क तथा समन्वय सम्बन्धी कार्य गर्नेछ ।

८. <u>स्थानीय तह सम्पर्क तथा समन्वयः</u> (१) न्यूनतम सेवा मापदण्डको कार्यान्वयन तथा व्यवस्थापनका लागि स्थानीय तहको समन्वयमा कार्य गर्ने गरि स्थानीय तहको स्वास्थ्य शाखाले सम्पर्क तथा समन्वय सम्बन्धी कार्य गर्नेछ ।

## परिच्छेद–३

## <u>गुणस्तर समन्वय समिति सम्बन्धी व्यवस्था</u>

९. <u>केन्द्रिय समितिः</u> (१) स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुदृढीकरण गर्न, न्यूनतम सेवा मापदण्ड सम्बन्धी नीति एवं रणनीतिको तर्जुमा तथा पृष्ठपोषण गर्नका लागि केन्द्रमा एक केन्द्रिय गुणस्तर समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमा सदस्यहरू रहनेछन्ः–

| | |
|---|---|
| प्रमुख विशेषज्ञ, नीति योजना तथा अनुगमन र गुणस्तर मापन तथा नियमन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | संयोजक |
| प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा | सह-संयोजक |
| प्रमुख,नीति योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| प्रमुख,स्वास्थ्य समन्वय महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| महानिर्देशक, स्वास्थ्य सेवा विभाग | सदस्य |
| महानिर्देशक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | सदस्य |
| निर्देशक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | सदस्य |

| | |
|---|---|
| निर्देशक, नर्सिङ तथा सामाजिक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग | सदस्य |
| निर्देशक, उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग | सदस्य-सचिव |

(३) समितिको सचिवालय मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखामा रहनेछ ।

१०. <u>केन्द्रिय समितिको काम, कर्तव्य र अधिकार</u>: (१) यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रिय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) गुणस्तर सम्बन्धी मापदण्ड, प्रोटोकल, निर्देशिका, कार्यविधि एवं तालिम पुस्तिका बनाउने वा परिमार्जन गर्ने वा आगामी आ. व. को कार्य योजनाको सूचीमा राख्ने ,

(ख) मन्त्रालयका महाशाखा वा विभागबाट तयार गरिएको गुणस्तर सम्बन्धी मापदण्ड, प्रोटोकल, निर्देशिका, कार्यविधि, तालिम पुस्तिका आदि स्विकृतीका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने ,

(ग) समितिले तथ्यपरक नीति निर्माण (Evidence Based Policy Making) का लागि आवश्यक पर्ने अनुसन्धानका प्राथमिकता प्राप्त विषयहरू (Priority Research Agenda) पहिचान गरी नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा पठाउने ,

(घ) प्रादेशिक मन्त्रालयहरु सँग समन्वयका लागि सम्बन्धित महाशाखाहरुलाई आवश्यक निर्देशन दिने । संघ मातहतमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थास्तरमा न्यूनतम सेवा मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि सहजिकरण गर्ने,

(ङ) गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सम्बन्धी अन्य समिति वा कार्यदलहरुले तयार गरेका प्रतिवेदन, मापदण्ड, प्रगति विवरणको पुनरावलोकन गर्ने,

(च) स्वास्थ्य सेवाको गुणस्तर सुदृढिकरण सम्बन्धि आवश्यक अन्य कार्यहरू गर्ने।

११. <u>केन्द्रिय समितिको बैठक र निर्णय</u>: (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषय सूची कम्तीमा दुई दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले र निजको अनुपस्थितिमा सह संयोजकले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निर्णय समितिको संयोजक र सचिवद्वारा प्रमाणित गरिनेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. उपसमिति गठन गर्न सक्नेः (१) केन्द्रिय समितिले आफ्नो कार्य सञ्चालनको लागि समितिको कुनै सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रका विज्ञ समेत संलग्न गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि उपसमिति गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ ।

१३. प्रादेशिक समितिः (१) प्रदेश तहमा स्वास्थ्य सेवाको गुणस्तरको सुनिश्चितता तथा प्रदेशको मातहतमा रहेका अस्पतालहरुको व्यवस्थापन सुदृढिकरणका लागि प्रत्येक प्रदेशमा एक प्रादेशिक व्यवस्थापन सुदृढिकरण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमा सदस्यहरू रहनेछन्ः–

| | |
|---|---|
| निर्देशक, प्रादेशिक स्वास्थ्य निर्देशनालय | संयोजक |
| प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा , सामाजिक विकास मन्त्रालय | सदस्य |
| प्रतिनिधि, प्रदेश स्वास्थ्य तालिम केन्द्र | सदस्य |
| समितिले चयन गरेको प्रादेशिक अस्पतालका प्रमुखहरु मध्येबाट एक जना | सदस्य |
| प्रतिनिधि, नर्सिङ सेवा व्यवस्थापन शाखा, प्रादेशिक स्वास्थ्य निर्देशनालय | सदस्य |
| समितिले चयन गरेको उपभोक्ता मञ्चको प्रतिनिधि मध्येबाट एक | सदस्य |
| शाखा प्रमुख, चिकित्सा सेवा तथा रोग नियन्त्रण शाखा, प्रादेशिक स्वास्थ्य निर्देशनालय | सदस्य-सचिव |

(३) प्रादेशिक समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. प्रादेशिक समितिको काम, कर्तव्य र अधिकारः (१) प्रादेशिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) गुणस्तरीय स्वास्थ्यसेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रम, रणनीति तर्जुमा गरी स्वास्थ्य सेवाको गुणस्तर सुधार पद्धतिबारे सुझाव दिने ,

(ख) स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धी नीति, रणनीति, निर्देशिका, मापदण्ड तथा कार्यक्रम लागू गर्ने र आवश्यकता अनुसार संघले तोकेको गुणस्तरमा कमी नहुने गरी र नवाझिने गरी थप्न सक्ने,

(ग) गुणस्तरीय स्वास्थ्यसेवा प्रवाह सम्बन्धी स्रोत परिचालन, व्यवस्थापन जस्ता क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई निर्देशन दिने र स्थानीय सरकारसँग समन्वय गरी आवश्यक सहयोग गर्ने ,

(घ) प्रदेश सरकारका मातहतमा पर्ने अस्पताल तथा स्वास्थ्य संस्थास्तरमा न्यूनतम सेवा मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक आर्थिक, प्राविधिक तथा अन्यस्रोतको परिचालन सम्बन्धमा सहजिकरण गर्ने,

(ङ) न्यूनतम सेवा मापदण्ड प्रभावकारी कार्यान्वयनको प्रगति समीक्षा गर्ने तथा सुधारका लागि सम्बन्धित संस्था वा निकायलाई सुझाव दिने,

(च) स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा राष्ट्रिय तथा प्रादेशिक गुणस्तर सम्बन्धी निर्देशिका तथा मापदण्डहरु कार्यान्वयनको अनुगमन तथा मुल्यांकन गर्ने,

(छ) गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सम्बन्धी अन्य समिति वा कार्यदलहरुले तयार गरेका प्रतिवेदन, मापदण्ड, प्रगति विवरणको पुनरावलोकन गर्ने,

(ज) अस्पताल तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रवाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितता तथा सुधार कार्य सञ्चालन गर्न स्थानीय तहहरुमा गुणस्तर सुनिश्चितता सम्बन्धी समिति तथा कार्यदललाई सहयोग गर्ने,

(झ) गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड लगायत अन्य दस्तावेज तथा कार्यविधिलाई समयानुकुल अद्यावधिक बनाउने,

(ञ) अस्पतालको MSS अनुगमन पश्चात न्यूनतम सेवा मापदण्डको अवस्था बारे चौमासिक प्रतिवेदन तयार गरी केन्द्रिय समितिमा पठाउने ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :–

| | |
|---|---|
| अध्यक्ष, अस्पताल व्यवस्थनपन समिति | संयोजक |
| अस्पताल व्यवस्थापन समितिले मनोनयन गरेको एक जना विज्ञ | सदस्य |
| अस्पताल प्रमुख | सदस्य |
| विभागीय प्रमुखहरु मध्ये एक जना | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| उपभोक्ताहरु मध्येबाट समितिले मनोनयन गरेको एक जना | सदस्य |
| प्रमुख, नर्सिङ शाखा/विभाग | सदस्य-सचिव |

१५. स्थानीय तहस्तरीय समितिः (१) स्थानीय तह स्तरमा आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पताल लगायतका स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा

स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरणका लागि प्रत्येक स्थानीय तहमा एक स्थानीय तहस्तरीय समिति रहनेछ ।

२. उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमा सदस्यहरू रहनेछन्ः–

| क्र.स. | स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समिति | पद |
| --- | --- | --- |
| १. | प्रमुख वा निजले तोकेको जनप्रतिनिधि, महा/उप/नगरपालिका/ गाउँपालिका | संयोजक |
| २. | समितिले चयन गरेको स्थानीय स्तरको सरकारी अस्पतालका प्रमुखहरू | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, महा/उप/नगरपालिका/ गाउँपालिका | सदस्य |
| ४. | समितिले चयन गरेको महा/उप/नगरपालिका/गाउँपालिकाको कार्यालय रहेको वडाको वडाध्यक्ष | सदस्य |
| ५. | समितिले चयन गरेको महा/उप/नगरपालिका/गाउँपालिकाको महिला वडा सदस्य मध्यबाट एक | सदस्य |
| ६. | समितिले चयन गरेको उपभोक्ता मञ्चको प्रतिनिधिमध्येबाट एक | सदस्य |
| ७. | संयोजक, स्वास्थ्य शाखा महा/उप/नगरपालिका/ गाउँपालिका | सदस्य-सचिव |

(३) स्थानीय तह स्तरिय समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. स्थानीय तह स्तरिय समितिको काम, कर्तव्य र अधिकारः स्थानीय तह स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) गुणस्तर सुधार प्रक्रियालाई आधारभूत अस्पताल तथा स्वास्थ्य सेवा केन्द्र तहमा लागू गर्ने ,

(ख) गुणस्तरीय स्वास्थ्य सेवाका लागि न्यूनतम सेवा मापदण्ड का साथै स्वास्थ्य सेवाका विभिन्न बिषयमा गुणस्तर सुधार जस्तै विभिन्न बिषयमा क्लिनिकल कोचिंग/मेन्टोरिंग लगायतका अन्य मापदण्ड तथा कार्यविधिको कार्यान्वयन गर्ने/गराउने ,

(ग) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चतता तथा अस्पताल व्यवस्थापन सुदृढीकरणका लागि न्यूनतम सेवा मापदण्ड सम्वन्धी समीक्षा तथा स्वमूल्यांकन गर्ने ,

(घ) समीक्षा तथा स्वमूल्यांकनको आधारमा पहिचान गरिएका बिषयवस्तुहरुलाई कार्यान्वयनमा ल्याउनका लागि कार्य योजना तयार गर्ने ,

(ङ) कार्य योजना कार्यान्वयनका लागि बार्षिक बजेट कार्यक्रममा स्थानीय तहबाट बजेट बिनियोजनमा प्राथमिकता दिने र सम्बन्धित सरोकारवाला निकायसँगको समन्वयमा स्रोत साधनको व्यवस्था गर्ने ,

(च) कार्य योजनाको प्रगति विवरण नियमित रुपमा तयार गरी प्रगति विवरणका सम्बन्धमा पृष्ठपोषण तयार गर्ने ,

(छ) गुणस्तर र सो सम्बन्धी कार्य गर्न बनेका उपसमितिको दिशानिर्देश तथा गुणस्तरका लागि बनेका कार्ययोजना कार्यान्वयन गर्न समन्वय गर्ने,

(ज) स्वास्थ्य संस्थाले अस्पताल सुदृढीकरण सम्बन्धी न्यूनतम सेवा मापदण्डको सूचक अनुरुप हासिल गरेको नतिजा तोकिएको ढाँचामा तयार गरी सरोकारवाला निकाय समक्ष प्रगति विवरण सार्वजनिक गर्ने।

(झ) अस्पताल तथा स्वास्थ्य संस्थास्तरमा प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितता तथा सुधार कार्यसञ्चालन गर्न प्रदेश तथा संघ स्तरमा रहेका गुणस्तर सुनिश्चितता सम्बन्धी समिति तथा कार्य दललाई सहयोग गर्ने,

(ञ) स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धी निर्देशिका तथा मापदण्ड लागु गर्ने र आवश्यकता अनुसार संघ तथा प्रदेशले तोकेका कार्यविधि घटी नहुने गरी र नवाझिने गरी थप्न सक्नेछ,

(ट) गुणस्तर सम्बन्धी कार्य सम्पादनका आधारमा स्वास्थ्यसंस्था वा व्यक्तिलाई कदर र सम्मान गर्ने व्यवस्था मिलाउने र सम्बन्धित निकायमा सिफारिस तथा समन्वय गर्ने,

(२)आवश्यकता अनुसार स्थानीय समितिको काम, कर्तव्य र अधिकारहरुमा संघले तोकेका जिम्मेवारी घटी नहुने गरी र नवाझिने गरी थप्न सक्नेछ।

१७. स्वास्थ्य संस्थास्तरीय समितिः (१) आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा व्यवस्थापन सुदृढिकरण प्रयोजनका लागि प्रत्येक आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालमा एक स्वास्थ्य संस्था व्यवस्थापन सुदृढिकरण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमा सदस्यहरू रहनेछन्ः–

आधारभूत अस्पतालमा समिति

| | |
|---|---|
| अध्यक्ष, अस्पताल व्यवस्थनपन समिति | संयोजक |
| अस्पताल व्यवस्थापन समितिले मनोनयन गरेको एक जना विज्ञ | सदस्य |
| अस्पताल प्रमुख | सदस्य |
| विभागीय प्रमुखहरु मध्ये एक जना | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| उपभोक्ताहरु मध्येबाट  समितिले मनोनयन गरेको एक जना | सदस्य |
| प्रमुख, नर्सिङ शाखा/विभाग | सदस्य-सचिव |

आधारभूत स्वास्थ्य सेवा केन्द्रमा समिति

| | |
|---|---|
| स्वास्थ्य संस्था रहेको सम्बन्धित स्थानीय तहको वडाध्यक्ष | संयोजक |
| महिला वडा सदस्यहरू मध्येबाट एकजना | सदस्य |
| स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्राचार्य मध्येबाट एकजना | सदस्य |
| स्थानीय ब्यापार संघ/उपभोक्ता मंचको प्रतिनिधि एकजना | सदस्य |
| सम्वन्धित वडाका महिला स्वास्थ्य स्वयमसेविकाहरू मध्येबाट एकजना | सदस्य |
| वडा कार्यालयका सचिव | सदस्य |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रमुख | सदस्य-सचिव |

(३) स्वास्थ्य संस्था स्तरीय समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. स्वास्थ्य संस्था स्तरीय समितिको काम, कर्तव्य र अधिकारः (१) आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालमा गठन हुने स्वास्थ्य संस्थास्तरीय स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) गुणस्तर सुधार प्रक्रियालाई स्वास्थ्य संस्था तहमा कार्यान्वयन गर्ने/गराउने,

(ख) गुणस्तरीय स्वास्थ्य सेवाका लागि न्यूनतम सेवा मापदण्ड का साथै स्वास्थ्य सेवाका विभिन्न बिषयमा गुणस्तर सुधार लगायतका अन्य मापदण्ड तथा कार्य विधिको कार्यान्वयन गर्ने/गराउने,

(ग) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चतता तथा व्यवस्थापन सुदृढीकरणका लागि न्यूनतम सेवा मापदण्डको समीक्षा तथा स्वमूल्यांकन गर्ने/ गराउने,

(घ) समीक्षा तथा स्वमूल्यांकनको आधारमा पहिचान गरिएका बिषयवस्तुहरुलाई कार्यान्वयनमा ल्याउनका लागि कार्ययोजना तयार गर्ने,

(ङ) कार्ययोजना कार्यान्वयनका लागि बार्षिक बजेट कार्यक्रममा स्थानीय तहबाट बजेट बिनियोजनमा प्राथमिकता दिने र सम्बन्धित सरोकारवाला निकायसँगको समन्वयमा स्रोत साधनको व्यवस्था गर्ने,

(च) कार्ययोजनाको प्रगति विवरण नियमित रुपमा पुनरावलोकन गर्ने र पृष्ठपोषण तयार गर्ने,

(छ) स्वास्थ्य संस्थाले न्यूनतम सेवा मापदण्डको सूचक अनुरुप हासिल गरेको नतिजा स्थानीयतहमा पेश गर्ने,

(ज) सेवाको गुणस्तर सुधार तथा ब्यवस्थापन सुदृढीकरणका लागि मापदण्ड, निर्देशिकाको प्रयोग भए नभएको सुनिश्चत गर्ने ।

१९. निजी,सामुदायिक तथा गैरसरकारी तथा सहकारी स्तरीय समितिः (१) निजी, सामुदायिक, गैरसरकारी तथा सहकारीस्तरमा संचालित स्वास्थ्य संस्था तथा अस्पतालको लागि गुणस्तर

सुद्दिढिकरणको लागि देहाय वमोजिमको एक स्वास्थ्य संस्था व्यवस्थापन सुद्दिढिकरण समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमा सदस्यहरू रहनेछन्ः-

| | |
|---|---|
| संचालक समितिको अध्यक्ष | संयोजक |
| संचालक समितिले मनोनयन गरेको एक जना विज्ञ | सदस्य |
| अस्पताल निर्देशक | सदस्य |
| विभागीय प्रमुखहरु मध्ये  बाट दुई जना | सदस्य |
| APHIN को प्रतिनिधि(Association of Private Medial and Dental college) प्रतिनिधि | सदस्य |
| उपभोक्ता मंचको प्रतिनिधि | सदस्य |
| सम्वन्धित स्थानीय तहको वडाध्यक्ष | सदस्य |
| प्रमुख, नर्सिङ शाखा/विभाग | सदस्य(सचिव) |

२०. निजी,सामुदायिक तथा गैरसरकारी तथा सहकारीस्तरमा संचालित स्वास्थ्य संस्था तथा अस्पतालको काम कर्तव्य र अधिकारः (१) निजी,सामुदायिक तथा गैरसरकारी तथा सहकारीस्तरमा संचालित स्वास्थ्य संस्था तथा अस्पतालमा गठन हुने स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुद्दिढिकरणको लागि काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) गुणस्तर सुधार प्रक्रियालाई स्वास्थ्य संस्था तथा अस्पतालतहमा कार्यान्वयन गर्ने गराउने ,

(ख) गुणस्तरीय स्वास्थ्य सेवाका लागि न्यूनतम सेवा मापदण्ड, गुणस्तर सुधार लगायतका मापदण्ड तथा कार्य विधिको कार्यान्वयन गर्ने गराउने,

(ग) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चतता तथा व्यवस्थापन सुदृढीकरणका लागि न्यूनतम सेवा मापदण्डको समीक्षा तथा स्वमूल्यांकन गर्ने गराउने,

(घ) समीक्षा तथा स्वमूल्यांकनको आधारमा पहिचान गरिएका बिषयवस्तुहरुलाई कार्यान्वयनमा ल्याउनका लागि कार्ययोजना तयार गर्ने,

(ङ) कार्ययोजना कार्यान्वयनका लागि स्रोत साधनको व्यवस्था गर्ने,

(च) कार्ययोजनाको प्रगति विवरण नियमित रुपमा पुनरावलोकन गर्ने र पृष्ठपोषण तयार गर्ने,

(छ) आ–आफनो स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्डको चेक लिष्ट अनुसार स्वमूल्यांकन गरी पहिचान गरिएका कमी कमजोरीहरुको सुधारको लागि कार्ययोजना सहितको प्रतिवेदन प्रत्येक ६/६ महिनामा स्वास्थ्य सेवा विभाग,चिकित्सा सेवा महाशाखामा नियमितरुपमा पठाउनु को साथै मन्त्रालयको निर्देशानुसार कार्य गर्ने ।

## परिच्छेद–४

## न्यूनतम सेवा मापदण्ड कार्यान्वयन

२१. न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको मापनः (१) सेवाको गुणस्तर सुनिश्चितता मन्त्रालयले तयार गरेको न्यूनतम सेवा मापदण्ड पुस्तिकामा उल्लेख भए अनुसार मापन गरिनेछ ।

(२) न्यूनतम सेवा मापदण्ड कार्यान्वयन भए नभएको मापन तथा लेखाजोखा र विश्लेषण गर्दा न्यूनतम सेवा मापदण्डका मापन सूचकको प्रयोग गरिनेछ ।

(३) न्यूनतम सेवा मापदण्ड कार्यान्वयन भए नभएको नियमित मूल्यांकन र अनुगमन गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको लेखाजोखा तथा विश्लेषणवाट देखिएका कमि कमजोरीहरु एवं आवश्यकता पुरा गर्न सम्बन्धित स्वास्थ्य संस्था तथा अस्पतालले कार्य योजना तयार गरी लागू गर्नु पर्नेछ ।

(५) न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको ढाँचा र प्रक्रिया अनुसूची १ बमोजिम हुनेछ ।

२२. न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको चरणः (१) न्यूनतम सेवा मापदण्ड कार्यान्वयन प्रक्रियामा मुख्यतया देहाय बमोजिमको चार चरणमा गरिनेछः-

(क) समिति गठन र अभिमुखिकरण,

(ख) कार्यान्वयनका लागि पूर्व तयारी,

(ग) श्रोत व्यक्ति अभिमुखिकरण ।

(घ) कार्यक्रम संचालन

२३. <u>समिति गठन र अभिमुखिकरण</u>: (१) केन्द्र, प्रदेश, स्थानीय तह र स्वास्थ्य संस्था तथा अस्पताल स्तरमा परिच्छेद ३ मा उल्लेखित समितिहरुको गठन गर्ने ।

(२) समितिको गठन संयोजकको निर्देशानुसार सदस्य-सचिवको पहलमा हुनेछ ।

(३) समितिहरूको काम, कर्तव्य र अधिकारबारे समितिका पदाधिकारीलाई अभिमुखिकरण गर्नु पर्नेछ ।

(४) उपदफा (३) अभिमुखिकरण गर्ने जिम्मा संयोजकको हुनेछ ।

(५) आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालका लागि संबन्धित स्थानीय तहमा १/२ दिनको र संबन्धित स्वास्थ्य संस्थामा अभिमुखीकरण साथै संयुक्त मुल्यांकन (स्थानिय तह+स्वास्थ्य संस्था) दुई दिने अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।

(६) जनरल, विशेषज्ञ, विशिष्टिकृत शिक्षण अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठान स्तरमा आवश्यकता अनुसार ४ देखि ५ दिने अभिमूखिकरण कार्यक्रम संचालन गर्नसकिनेछ ।

(७) उपदफा (५) र (६) बमोजिम संचालन गरिने गोष्ठीहरुको समीक्षाबाट पहिचान भएका कमी कमजोरीहरुलाई सुधार गर्दै न्यूनतम सेवा मापदण्डका सूचकहरुको शत प्रतिशत परिपूर्तिका लागि आगामी कार्यशाला गोष्ठी र फलोअप समीक्षामा प्रभावकारी कार्ययोजना तर्जुमा सहित आर्धबर्षिक प्रगति विवरण पेश गर्नु पर्नेछ ।

(८) अभिमुखिकरणका लागि शुरुको वर्षमा छ महिनाको अन्तरालमा दुईवटा गोष्ठी र त्यसपछि छ महिनाको अन्तरमा फलोअप समीक्षा गर्नुपर्नेछ ।

(९) दोस्रो वर्ष देखि ६ महिनाको अन्तरमा संस्थागत फलोअप समिक्षाको कार्यक्रमहरु संचालन गर्दै सुधारका कार्यहरु निरन्तर संचालन गर्नु पर्नेछ ।

(१०) स्वास्थ्य संस्थाको तह अनुसार न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि अपनाउने कार्यविधि अनुसूची २ अनुसार हुनेछ ।

२४. <u>कार्यान्वयनका लागि पूर्व तयारी:</u> न्यूनतम सेवा मापदण्ड कार्यान्वयन गर्न मुख्यतः श्रोत व्यक्तिको अभिमुखिकरण र न्यूनतम सेवा मापदण्ड प्रयोग गर्दा गरिने अभिलेख प्रणालीको तयारी गर्नु पर्नेछ ।

२५. <u>श्रोत व्यक्ति अभिमुखिकरण:</u> (१) न्यूनतम सेवा मापदण्ड लागू गर्नका लागि अभिमुखिकरण गरी श्रोत व्यक्तिको तयारी गर्नु पर्नेछ ।

(२) श्रोत व्यक्ति अभिमुखिकरणका लागि सहजकर्ताको रूपमा मन्त्रालयले पहिचान गरेका न्यूनतम सेवा मापदण्ड सम्बन्धि विज्ञ तथा विषय विज्ञहरू रहनेछन ।

(३) अभिमुखिकरणका सहभागीहरू मुलतः न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि जिम्मेवार संघीय, प्रादेशिक, स्थानीय तहका स्वास्थ्य शाखा, अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत अधिकृतस्तरका स्वास्थ्य प्राविधिकहरु हुनेछन ।

(४) श्रोत व्यक्ति अभिमुखिकरण कार्यक्रमको ढाँचा अनुसूची ३ अनुसार हुनेछ ।

(५) श्रोत व्यक्तिले प्रशिक्षणको दौरानमा एकरुपता प्रदान गर्नका लागि अभिमुखिकरणमा प्रयोग भएका सामाग्रीलाई निरन्तरता दिदै स्वास्थ्य संस्थाको किसिम अनुसार सान्दर्भिक उदाहरण थपी आवश्यकता अनुसार संघ, प्रदेश, स्थानीय तह तथा स्वास्थ्य संस्थास्तरमा सहजिकरण गर्नुपर्नेछ ।

(६) न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि गरिने कार्यशाला गोष्ठी तथा समीक्षामा सो अभिमुखिकरणको सन्दर्भ सामाग्री तथा स्वास्थ्य संस्थाको वर्गीकरण अनुसार न्यूनतम सेवा मापदण्डका सूचकहरूको पुस्तिकाको प्रयोग गरिनेछ ।

(७) प्रदेश तथा स्थानिय तहले न्यूनतम सेवा मापदण्डका लागि थप प्रशिक्षक आवश्यकता महसुस गरेमा प्रशिक्षित प्रशिक्षकलाई अभिमुखिकरणका लागि परिचालन गर्न सकिनेछ ।

२६. <u>श्रोत व्यक्तिको काम, कर्तव्य:</u> (१) दफा २३ बमोजिम अभिमुखिकरण गरिएका श्रोत व्यक्तिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः—

(क) अस्पताल तथा स्वास्थ्य संस्थास्तरमा न्यूनतम सेवा मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि गोष्ठी तथा समीक्षामा आवश्यकता अनुसार सहजकर्ता तयार गर्न प्रशिक्षण दिने,

(ख) अस्पताल तथा स्वास्थ्य संस्था स्तरमा न्यूनतम सेवा मापदण्डको कार्यान्वयनका लागि गोष्ठी तथा समीक्षामा आवश्यक सहजिकरण गर्ने र प्रभावकारीता सुनिश्चित गर्ने,

(ग) न्यूनतम सेवा मापदण्डको मूल्यांकनका आधारमा पहिल्याएका बिषय वस्तुहरुलाई कार्यान्वयनमा ल्याउनका लागि कार्य योजना तयार गर्न सहजिकरण गर्ने साथै पहिचान भएका चुनौतिहरूलाई सामाधान गर्न सहयोग गर्ने,

(घ) न्यूनतम सेवा मापदण्ड सम्बन्धी संघ, प्रदेश, स्थानीय तह, अस्पताल तथा स्वास्थ्य संस्थाका बैठकमा आमन्त्रित हुँदा भागलिने र आवश्यक सहजिकरण गर्ने,

(ङ) न्यूनतम सेवा मापदण्ड सम्बन्धी सहजिकरण सुधारका लागि, सहभागीको क्षमता विकासको आवश्यकता तथा सहभागीको प्रतिक्रिया सहितको प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई पेश गर्ने ।

(२) श्रोत व्यक्तिले तयार गर्ने प्रतिवेदनको ढाँचा अनुसूची ४ अनुसार हुनेछ ।

२७. <u>कार्यक्रम संचालनः</u> (१)आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालहरुमा कार्यक्रम संचालनः पहिलो पटक कार्यक्रम संचालन गर्दा अनुसूची २ को न्युनतम सेवा मापदण्ड कार्यन्वयनका लागि आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा आधारभूत अस्पतालमा अपनाउने कार्यविधि र कार्यसंचालन प्रक्रिया अनुसार हुने छ ।स्वास्थ्य संस्थामा कार्यन्वयन सुरु गर्नु भन्दा अगाडी स्थानीय तहमा स्थानीय तहका गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाको व्यवस्थापन सुद्रिधिकरण समितिका पदाधिकारीहरु लाई १/२ दिनको अभिमुखीकरण गर्नुपर्छ । त्यसपछि स्वास्थ्य संस्था स्तरमा २ दिने अभिमुखीकरण साथै संयुक्त मुल्यांकन गरिनेछ । यसको कार्यविधि, प्रक्रिया र कार्यतालिका अनुसूची २ मा उल्लेख गरिएको छ ।

(२) उपदफा (१) बमोजिमका सहभागीहरुलाई न्यूनतम सेवा मापदण्डका सूचकहरु प्रयोग गरेर त्यसमा भएका कमी कमजोरीहरुको पहिचान गरी कार्य योजना तयार गरिनेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको कार्य योजनालाई ६ महिना सम्म कार्यान्वयन गरि स्वमूल्यांकनलाई ६/६ महिनामा निरन्तरता दिंदै कार्ययोजना पुनारावलोकन गरिनेछ र अर्धवार्षिक प्रतिवेदन तयार गरिनेछ ।

(४) उपदफा (३) बमोजिम उपलब्ध भएको प्रगतिहरुको विवरण लाई दोस्रो संस्थागत फलोअप मुल्यांकन र समिक्षा गोष्ठीमा प्रस्तुत गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको गोष्ठीको समयावधि दुई दिनको हुनेछ ।

(६) पहिलो कार्याशाला गोष्ठी लागि कार्यक्रमको तालिका र कार्य योजना निर्माणको ढाचा अनुसूची ५ अनुसार हुनेछ ।

२८. <u>दोश्रो कार्यशाला गोष्ठीः</u> (१) दोश्रो कार्यशाला गोष्ठीमा मुख्यतः स्वास्थ्य संस्थाका सहभागीले न्यूनतम सेवा मापदण्डको कार्यान्वयनका दौरानमा गरेको प्रगति र कमी कमजोरीहरुको समीक्षात्मक विश्लेषण गरी कार्याशाला गोष्ठी आयोजना भएको स्वास्थ्य संस्थाको प्रत्यक्ष अवलोकन गर्नेछन । आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालहरुको हकमा दोश्रो संयुक्त फलोअप मुल्यांकन पहिलो मूल्यांकनको ६ महिनापछि गरिनेछ र फलोअप मुल्यांकन ६/६ महिनामा निरन्तर गरिरहनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवलोकन /मुल्यांकन पश्चात् आफूले बनाएको कार्ययोजनालाई अद्यावधिक गर्दै आगामी चौमासिक कार्ययोजना तयार गर्नेछन । (३) उपदफा (२) बमोजिम तयार भएको कार्य योजनाको प्रगति विवरण स्थलगत फलोअपमा समावेश गरी समीक्षा गरिनेछ । (४) यो गोष्ठीको समयावधि २ देखि ४ दिनको हुनेछ । । आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालहरुको हकमा दोश्रो संयुक्त फलोअप मुल्यांकनको अवधि २ दिनको हुनेछ ।

(५) दोश्रो कार्याशाला गोष्ठीको कार्यक्रमको ढाँचा अनुसूची ६ अनुसार हुनेछ ।

२९. <u>कार्यशाला गोष्ठीको आयोजना र सहभागिताः</u> (१) एउटा स्थानीय तहमा रहेका सबै आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालहरुका हकमा संबन्धित संस्थामा नै संस्थागत संयुक्त फलोअप मुल्यांकन र समिक्षा गर्ने गरिनेछ समुहमा राखिनेछैन। कम्तिमा

एक समूह , जनरल अस्पतालहरुको कार्याशाला गोष्ठीमा दुई वा बढीमा तीन वटा समूह र विशेषज्ञ र विशिष्टिकृत तथा शिक्षण अस्पतालहरुको कार्यशाला गोष्ठीमा दुई वटा अस्पतालहरुको एउटा समूह निर्माण गरिनेछ ।

(२) आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पताल तहको संबन्धित संस्थागत संयुक्त फलोअप मुल्यांकन स्थानीय तहले गर्नेछन ।

(३) जनरल अस्पताल तहमा आ-आफ्नो अस्पतालमा आलोपालो कार्यशाला गोष्ठीको आयोजना गर्नुपर्नेछ ।

(४) गोष्ठिमा न्यूनतम सेवा मापदण्डलाई प्रयोग गरी सहभागीहरुले आआफ्नो अस्पताल तथा स्वास्थ्य संस्थाको स्वमूल्यांकन गर्नेछन् ।

(५) उपदफा (४) बमोजिमको स्वमूल्यांकनबाट कार्यशाला गोष्ठीमा सहभागी अस्पताल र स्वास्थ्य संस्थाका प्रतिनिधिले न्यूनतम सेवा मापदण्ड कार्यान्वयनमा आ—आफ्नो अस्पताल तथा स्वास्थ्य संस्थाको कमी कमजोरी पहिचान गरी आ-आफ्नो अस्पताल र स्वास्थ्य संस्थाको कार्य योजना निर्माण गर्नेछन् ।

(६) कार्यशाला गोष्ठीका सबै सहभागीहरुले अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा उपलब्ध भएको न्यूनतम सेवा मापदण्डका सूचकहरुको प्रत्यक्ष अवलोकन गर्ने अवसर प्राप्त गर्नेछन् ।

३०. फलोअप समिक्षाः (१) अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्डमा क्रमश सुधार गर्दै जानका लागि नियमित रुपमा फलोअप समिक्षा गर्नुपर्नेछ ।

(२) न्यूनतम सेवा मापदण्डको कार्यान्वयन गर्दा देखिएका कमी कमजोरीहरुलाई ध्यानमा राख्दै निर्माण गरिएको कार्य योजनाले तोकिएका सूचकहरुलाई शत प्रतिशत पूरा गर्नु पर्दछ ।

(३) उपदफा (२) बमोजिम शत प्रतिशत पूरा गर्नका लागि बाँकी रहेका सूचकहरुको बारेमा अस्पताल तथा स्वास्थ्य संस्थाहरूले पुनःकार्य योजना निर्माण गरी अर्को फलोअपका दौरानमा पूरा गरेको हुनु पर्नेछ ।

(४) न्यूनतम सेवा मापदण्डले तर्जुमा गरी पहिलो फलोअपको अवधि सम्म पुरा गर्न नसकेका सूचकहरुलाई बार्षिक समिक्षा अस्पताल तथा स्थानिय तहको गोष्ठीमा अनिवार्य रुपमा पुरा गरेको हुनुपर्नछ ।

(५) फलोअप समिक्षा कार्यक्रमको ढाँचा अनुसूची ७ अनुसार हुनेछ ।

३१. <u>विद्युतीय अभिलेखिकरण र प्रत्यायनः</u> (१) यो कार्यविधि लागू भए पश्चात अभिमुखिकरणका लागि तयार गरिएका सन्दर्भ सामाग्रीहरूलाइ विद्युतीय अभिलेखिकरण (Digitalized) गरिने छ ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय अभिलेखिकरण कार्य सम्पन्न भए पश्चात अभिमुखिकरण सन्दर्भ सामाग्रिलाई स्वास्थ्य तालिम केन्द्रबाट प्रत्यायन (accreditation) गराईनेछ ।

(३) उपदफा (२) को प्रक्रिया पूरा भएपश्चात अनलाईन सफ्टवेरको माध्यम प्रयोग गरी अभिमुखिकरणको प्रक्रिया सुरू गरिनेछ ।

(४) अनलाईन अभिमुखिकरणको अवधारणात्मक ढाँचा अनुसूची ८ बमोजिम हुनेछ ।

३२. <u>अभिलेखीकरणः</u> (१) स्वास्थ्य संस्था तथा अस्पतालको न्यूनतम सेवा मापदण्डका सूचकहरु अनुरुप मापनका लागि एक्सल स्प्रेडसिट (Excel Spreadsheet) तयार गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको एक्सल स्प्रेडसिट (Excel Spreadsheet) ले सूचकहरु अभिलेखन गरी सोको मापनका प्रतिशतहरू र मापनको समग्र नतिजा दिनेछ ।

(३) कार्यान्वयनको सुरूवाती अवस्थामा एक्सल स्प्रेडसिट (Excel Spreadsheet) का साथै न्यूनतम सेवा मापदण्ड पुस्तिका समेत प्रयोग गरिनेछ ।

(४) एक्सल स्प्रेडसिट (Excel Spreadsheet) लागू भए पश्चात न्यूनतम सेवा मापदण्ड अभिलेख सफ्टवेरको विकास गरी प्रयोगमा ल्याइनेछ ।

(५) उपदफा (४) बमोजिमको सफ्टवेरले सूचक मापनमा साथै सत प्रतिशत नपुगेका मापदण्डको छुट्टै नतिजा पनि उत्पादन गर्ने छ जसले गर्दा कार्ययोजनालाई तथ्यपरक बनाउका लागि सहयोग पुर्याउनेछ ।

(६) उपदफा (४) बमोजिमको विकास गरिएको सफ्टवेरबाट आवश्यक सूचकहरुको अभिलेख आवश्यकता अनुसार HMIS तथा LMIS मा तथ्यांक माइग्रेट गर्ने सकिने प्रकृतिको हुनुपर्ने छ र यसरी आएको अभिलेखलाई HMIS तथा LMIS प्रणालीमा ढाल्नका लागि संघ, प्रदेश तथा स्थानिय तहमा समन्वय गनुपर्ने छ ।

## परिच्छेद–५
## स्रोतको व्यवस्थापन सम्बन्धी

३३. स्रोतको व्यवस्थान: (१) न्यूनतम सेवा मापदण्ड कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका प्रत्येक क्रियाकलापका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापन संघ, प्रदेश तथा स्थानीय तहका सम्पर्क तथा समन्वय ईकाइ साथै अस्पताल र स्वास्थ्य संस्थास्तरका समितिले गर्नुपर्ने छ ।

(२) स्रोतको व्यवस्थापनमा दफा ९, १३ र १५ बमोजिम गठित समितिहरूले सहजिकरण गर्नु पर्नेछ ।

(३) स्रोतको व्यवस्थापनका लागि देहाय बमोजिमका स्रोत रहेका छन :—

(क) संघ, प्रदेश तथा स्थानीय तहले आफ्नो मतहातमा रहेका अस्पताल र स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको लागि छुट्टयाएको अनुदान रकम,

(ख) न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको लागि संघले प्रदेश र स्थानीय तहलाई दिने ससर्त अनुदान रकम,

(ग) संघ, प्रदेश तथा स्थानीय तहले न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको शीर्षकमा विनियोजन गरेको रकम,

(घ) साझेदार संस्थाबाट प्राप्त सहयोग रकम,

(ङ) स्वास्थ्य संस्था तथा अस्पतालको आन्तरिक श्रोत ।

(४) उपदफा (३) बमोजिमको रकम न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको कार्य योजनाका आधारमा अस्पताल र स्वास्थ्य संस्थामा विनियोजन गरिने छ

## परिच्छेद — ६

## अभिलेख प्रतिवेदन

३४. अभिलेखः (१) अस्पताल र स्वास्थ्य संस्थाले न्यूनतम सेवा मापदण्डको स्वमूल्यांकन वा संयुक्त मूल्यांकन गर्दा मापदण्डको लेखाजोखा निर्धारित चेकलिष्टमा प्रविष्ट गर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिमको प्रविष्टिकरणका लागि सम्बन्धित सेवाका लागि खटाइएका स्वास्थ्यकर्मी, इन्चार्ज र विभागीय प्रमुख जिम्मेवार हुनेछन ।

(३) उपदफा (१) बमोजिमको प्रविष्टिकरण पश्चात न्यूनतम सेवा मापदण्डका सूचकको मापन हुनेछ ।

(४) सूचकहरूको नतिजाको अभिलेख सम्बन्धित स्वास्थ्यकर्मी, इन्चार्ज वा विभागीय प्रमुखले राख्नु पर्नेछ ।

(५) प्रत्येक सेवा सम्बन्धी प्राप्त भएका विवरणलाई स्वास्थ्य संस्था इन्चार्ज वा अस्पतालको प्रमुखले ठीक छ वा छैन भनी मुख्य मुख्य सूचकहरुको पुनरावलोकन गरी अभिलेखको गुणस्तर सुनिश्चत गर्नु पर्दछ ।

(६) उपदफा (५) बमोजिम सुनिश्चित गरेको न्यूनतम सेवा मापदण्डका सूचकको तथ्यांक निर्धारित ढाँचामा प्रविष्ट गर्नुपर्दछ ।

(७) न्यूनतम सेवा मापदण्डको स्वमूल्यांकन वा संयुक्त मूल्यांकनबाट प्राप्त नतिजाका आधारमा देखिएका चुनौतिको समाधानका लागी बनाईएका कार्य योजनाको अभिलेख सम्बन्धित स्वास्थ्यकर्मी, इन्चार्ज, विभागीय प्रमुख, अस्पताल र स्वास्थ्य संस्था प्रमुखले राख्नुपर्ने छ ।

